कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, ताप्लेजुङ
## फुङलिङ, नेपाल

### सूचना नं. २ डिभिजन वन कार्यालय, ताप्लेजुङको गरिबहरुको लागि जीविकोपार्जन सुधार योजना र वन उत्पादन/गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उद्यमहरु प्रवर्द्धन कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना

(गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित मिति २०८३।०१।०८ गते)

प्रस्तुत विषयमा डिभिजन वन कार्यालय, ताप्लेजुङको आ.व. ०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका क्रियाकलापहरु संचालन गर्नुपर्ने भएकोले तपसिलको कार्यक्रम १ को लागि इच्छुक सामुदायिक वन उपभोक्ता समूहहरु र कार्यक्रम २ को लागि वन उत्पादन/गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उद्यमहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा निवेदन/प्रस्ताव पेश गर्नु हुन अनुरोध गरिन्छ । म्याद भित्र पेश हुन आएका निवेदन/प्रस्तावहरुलाई मात्र तोकिएको मूल्याङ्कन समितिबाट प्रस्ताव मूल्याङ्कनका आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने सारभुत रुपमा प्रभावग्राही प्रस्तावदाताहरुसँग मात्र कार्यक्रम संचालन सम्झौता गरिने व्यहोरा सबैमा अनुरोध गरिन्छ ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु (लाखमा) | छनौट गरिने अधिकतम निवेदक/प्रस्तावक संख्या | प्रस्ताव पेश गर्नका लागि योग्य साझेदारहरु | न्यूनतम साझेदारी/ लगानी |
|---|---|---|---|---|---|
| १ | गरिबहरुको लागि जीविकोपार्जन सुधार योजना (LIP) को तयारी र कार्यान्वयनमा CFUG लाई सहयोग गर्ने । | २७.०० | १२ वटा | सामुदायिक वन उपभोक्ता समूहहरु | २० प्रतिशत |
| २ | वन उत्पादन/गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उद्यमहरु प्रवर्द्धन गर्ने । | १५.६० | ३ वटा | वन उत्पादनगैरकाष्ठ वन / पैवावारमा आधारित सामुदायिक उद्यमहरु | १० प्रतिशत |

<u>संलग्न गर्नुपर्ने कागजातहरु तथा शर्तहरु</u>

<u>क) गरिबहरुको लागि जीविकोपार्जन सुधार योजना (LIP) को तयारी र कार्यान्वयनमा CFUG लाई सहयोग गर्ने कार्यक्रमको लागि</u>

१. सामुदायिक वन उपभोक्ता समूहभित्र गरिबीको रेखामुनी रहेका सदस्यहरुको पहिचान गरी त्यस्ता सदस्यहरुको आवश्यकता चाहनाको आधारमा ५ देखि १० घरधुरीको समूह निर्माण गरिनेछ र उक्त समूहको जीविकोपार्जनमा सुधार

ल्याउन जीविकोपार्जन सुधार योजना (LIP) सहभागितामुलक प्रणाली अवलम्बन गरी दक्ष प्राविधिकको सहयोगमा तयार गरिने ।

२. प्रत्येक जीविकोपार्जन सुधार योजना (LIP) तयारीका लागि रु. १५,०००।– र उक्त जीविकोपार्जन सुधार योजना कार्यान्वयन गर्न रु. २,१०,०००।– (अधिकतम ३% कन्टिन्जेन्सी काटिने) खर्च गरिने ।

३. जीविकोपार्जन सुधार योजना (LIP) मा जीविकोपार्जनमा सुधार ल्याउने क्रियाकलापहरु समावेश हुनेछन, जीविकोपार्जनमा सुधार ल्याउने क्रियाकलापहरु भन्नाले लक्षित सदस्यहरुको समूह समेतको सहभागितामा पहिचान गरिएको आवश्यकता, चाहना र भूगोल तथा वातावरण सुहाउँदो क्रियाकलापहरु जस्तै कृषि-वन प्रणाली, जडीबुटी तथा गैरकाष्ठ खेती, पशुपालन, मौरी पालन, तरकारी तथा फलफूल खेती आदि जस्ता कार्यक्रमहरु पर्दछन ।

४. यो कार्यक्रम कार्यान्वयन गर्न स्वयं समूहको कम्तिमा २०% योगदान जस्तैः सामान ढुवानी, खोर/गोठ निर्माण आदिमा हुनुपर्नेछ ।

५. यो कार्यक्रम सञ्चालन गर्न चाहने इच्छुक सामुदायिक वन उपभोक्ता समूहहरुले तोकिएको समयावधि भित्र तोकिएका कागजातहरु सहित समूहको लेटर प्याडमा पत्र लेखी यस कार्यालयमा रित पूर्वक पेश गर्नु पर्नेछ ।

६. तोकिएको कागजातहरुः समूह दर्ता प्रमाणपत्र/नविकरण प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर, समूह/समितिको निर्णय प्रतिलिपि, समूहको बार्षिक प्रतिवेदन, आ.व.०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन, लागत साझेदारी प्रतिवद्दता पत्र, सम्वन्धित स्थानिय तहको सिफारिस, सम्बन्धित सब-डिभिजन वन कार्यालयको सिफारिस, यस अघि यो कार्यक्रममा समाबेश नभएको स्वघोषणा पत्र ।

७. लागत साझेदारी प्रतिवद्वता पत्र र यस अघि यो कार्यक्रममा समाबेश नभएको स्व-घोषणा पत्रको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

८. निवेदन पेश गर्ने समय सिमाः-२०८३ साल वैशाख २२ गते कार्यालय समय भित्र (सो दिन विदा भएमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र) ।

**ख) वन उत्पादन/गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उद्यमहरु प्रवर्द्धन गर्ने कार्यक्रमको लागि**

१. मिति २०८२।१२।१९ गते बसेको जिल्ला स्तरिय जडीबुटी विकास फोकल टिम र जडीबुटी संजालको संयुक्त वैठकको निर्णय नं. ९ बमोजिम गत विगतमा यसै कार्यक्रमबाट सहयोग गरिएका फुङलिङ-१० मा रहेको फुरुम्बु अल्लो कपडा उद्योग र सिरिजंघा-२ मा रहेको ताप्लेजुङ जडीबुटी कृषक सञ्जाल समेतलाई निरन्तरता दिनको लागि उक्त संस्थाहरुबाट भण्डारण तथा तालिम सम्बन्धी प्रस्ताव आव्हान गरी कार्यान्वयन गर्न सिफारिस गर्ने निर्णय भए बमोजिम उल्लेखित २ वटा संस्थाहरु समेतले वन उत्पादन/गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उद्यमहरु थप प्रभावकारी ढंगवाट सञ्चालन गर्न आवश्यक क्रियाकलाप/कार्यक्रमहरु समावेश गरी उक्त क्रियाकलाप कार्यान्वयन गर्न आवश्यक बजेट समेत उल्लेख भएको प्रस्ताव, तोकिएका कागजातहरु संलग्न गरी तोकिएको समयावधि भित्र निवेदन/पत्र रित पूर्वक यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय, ताप्लेजुङ
फुङलिङ, नेपाल

२. तोकिएको कागजातहरुः- संस्था दर्ता प्रमाणपत्र/नविकरण प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, कार्य समिति/बोर्डको निर्णय, स्थायी लेखा नम्वर, लागत साझेदारी प्रतिवद्दता पत्र, सम्वन्धित स्थानिय तहको सिफारिस, सम्बन्धित सब-डिभिजन वन कार्यालयको सिफारिस, विषयगत प्राविधिकबाट तयार गरिएको लागत अनुमान र डिजाइन ।

३. लागत साझेदारी प्रतिवद्धता पत्रको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

४. प्रस्ताव पेश गर्ने समय सिमाः- २०८३ साल वैशाख २२ गते कार्यालय समय भित्र (सो दिन विदा भएमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र)

- थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं. ०२४-४६०११७ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

इति संवत २०८३ साल वैशाख महिना ८ गते रोज ३ मा शूभम् ।